बैठक संख्या २/१२८

आज मिति २०७९ श्रावण २५ गते बुधवारका दिन सूर्यविनायक नगरपालिकाको १२८ औं नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री बासुदेव थापाज्यूको अध्यक्षतामा बसी तपसिलमा उल्लेखित विषयका सम्बन्धमा छलफल गरी निर्णय समेत गरियो ।

| क्र.स. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | बासुदेव थापा | प्रमुख | |
| २ | सरिता तिमसिना भट्टराई | उप प्रमुख | |
| ३ | राजेन्द्रप्रसाद कडेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | सानुकाजी कायस्थ | वडा अध्यक्ष, वडा नं १ | |
| ५ | प्रदिप कार्की | वडा अध्यक्ष, वडा नं २ | |
| ६ | दिपेन्द्र के.सी. | वडा अध्यक्ष, वडा नं ३ | |
| ७ | लछुराम न्यौपाने | वडा अध्यक्ष, वडा नं ४ | |
| ८ | राजकुमार जोशी | वडा अध्यक्ष, वडा नं ५ | |
| ९ | ईश्वर खड्का | वडा अध्यक्ष, वडा नं ६ | |
| १० | रविन्द्र सापकोटा | वडा अध्यक्ष, वडा नं ७ | |
| ११ | पुष्पराज बस्नेत | वडा अध्यक्ष, वडा नं ८ | |
| १२ | भगवान खत्री | वडा अध्यक्ष, वडा नं ९ | |
| १३ | शिवराम राउत | वडा अध्यक्ष, वडा नं १० | |
| १४ | तारा खतिवडा (सापकोटा) | सदस्य | |
| १५ | कमला पोखरेल | सदस्य | |
| १६ | शर्मिला बस्नेत | सदस्य | |
| १७ | सावित्री मिश्र | सदस्य | |
| १८ | हेमा दहाल (खतिवडा) | सदस्य | |
| १९ | सुमन परियार | सदस्य | |
| २० | प्रजुन तिखत्री | सदस्य | |
| २१ | सुनिल भुजेल | सदस्य | |
| | | | |
| | | | |

**मिति २०७९ श्रावण २५ गते नगर कार्यपालिका (१२८ औं) बैठकको (कार्यसुची) एजेण्डाहरु:**

१ नगरपालिकाको भू उपयोग कार्यविधिको मस्यौदा उपर छलफल ।

२ विविध

**निर्णय नं १**

भूउपयोग ऐन, २०७६ को दफा २२ मा यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरुको अधिनमा रही स्थानीय तहले आवश्यक कार्यविधि बनाई लागू गर्न सक्ने प्रावधान बमोजिम यस नगरपालिकाको भू उपयोग कार्यविधि मस्यौदा तयारी गर्न प्रमुख प्रशासकीय अधिकृत श्री राजेन्द्रप्रसाद कडेलको संयोजकत्वमा गठित समितिको तर्फबाट तयार गरिएको कार्यविधि मस्यौदा बैठक समक्ष प्रस्तुत गरियो । मस्यौदालाई अन्तिम रुप दिनका लागि नगरपालिकामा क्रियाशील राजनीतिक दल, सामाजिक संघ संस्था, नागरिक समाज र आम सर्वसाधारण नागरिकहरुबाट मस्यौदा कार्यविधि सम्बन्धमा राय, सल्लाह एवं सुझाव संकलनका लागि देहायका प्रमुख प्रावधानहरु उल्लेख गरि ७ दिने सूचना प्रकाशित गर्ने बारे स्थानीय भू उपयोग परीपद्को बैठकबाट समेत निर्णय भई आएकोले सोही बमोजिम सूचना प्रकाशन गर्ने ।

तपसिल

१ हालसम्म भूमिको उपयोग मूल्याङ्कन गर्दा वाटोलाई प्रमुख आधार मानेर गरिदै आएकोले हाल तर्जुमा भएको मस्यौदा कार्यविधिमा समेत बाटोलाई नै आधार मानि जग्गाको वर्गिकरण गरिने छ ।

२ नगरपालिका क्षेत्रभित्र ८ मिटरको वाटो वा सो भन्दा फराकिलो वाटो जोडिएको सम्पूर्ण कित्ता जग्गाहरु व्यवसायिक क्षेत्र हुने छ । तर पर्यटकीय क्षेत्रको हकमा ८ मिटर भन्दा कम चौडाईको बाटो भएको क्षेत्र समेत व्यवसायिक क्षेत्रको रुपमा वर्गिकरण गरिने छ ।

३ नगरपालिका क्षेत्रभित्र ८ मिटर भन्दा कम (६ मिटर, ४ मिटर, १० फिट, गोरेटो बाटो) जोडिएका सम्पूर्ण कित्ता जग्गाहरु आवासिय क्षेत्र हुने छ ।

४ सार्वजनिक ,पर्ति , वन क्षेत्र , खोला र खोल्सी, सम्पदा अदिसंग जोडिएको जग्गाहरु आवासीय क्षेत्र हुने छ ।

५ राजकुलो वाटोको रुपमा रुपान्तरण भैसकेको हकमा त्यस्तो वाटोले छोएको सम्पूर्ण कित्ता जग्गाहरु आवासिय हुने छ ।

६ नापी नक्सामा नभएका परमपरागत रुपमा तर चलन चल्तीमा रहेका वाटोको हकमा घरनक्सा कार्यविधि वमोजिम सार्जमीन मुचुल्का गरि बाटो कायम भएको वाटोले छोएका सम्पूर्ण कित्ता जग्गाहरु आवासिय हुने छ ।

७ बाटोसंग जोडिएका एकै व्यक्ति वा एकापरिवारको नाममा स्रेस्ता पुर्जा कायम रहेको जग्गासंग जोडिएका सवै कित्ता जग्गाहरु आवासीय हुने ।

८ नापी नक्सामा कुनैपनि वाटो, राजकुलो , खोला र खोल्सी, पर्ति ,सार्वजनिक जग्गा,सम्पदा वा वनक्षेत्रले नछोएको जग्गाहरु हाललाई कृषि क्षेत्र हुने छ । नापी नक्सामा वाटो नभएको

कारणले कृषि क्षेत्र कायम भएका कित्ता जग्गाहरुको हकमा जग्गाधनीले भू-उपयोगपरिवर्तन गर्न चाहेमा उक्त कित्ता जग्गा बाटो जोडिएको आधार सहित पेश गरेमा भू-उपयोगऐन २०७६ को परिच्छेद ४ को दफ २३ अनुसार भूउपयोग क्षेत्र परिवर्तन गरिने छ ।